सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७७।०७८

च.न. १५८४

मितिः २०७८/०१/१९

श्री वडा कार्यालयहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठान ।

**बिषयः बैठको निर्णय पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमरानी गाउँपालिकाको मिति २०७८/०१/१३ गते बसेको गाउँकार्यपालिका बैठकको निर्णयहरु आवश्यक जानकारी एवं कार्यान्वयनको लागी यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

..................

चिन्तामणि रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री अध्यक्ष/उपाध्यक्ष ज्यू, सरुमरानी गाउँपालिका प्यूठान ।

श्री सबै शाखा/उपशाखा/ईकाइहरु सरुमारानी गाउँपालिका, प्यूठान

*website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022*

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-८२)

### मितिः- २०७८/०१/१३

**बैठकका प्रस्तावहरु:**

१. गत बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. भुमि सम्बन्धि समस्या समाधान आयोगको कामको तयारी सम्बन्धमा ।

३. सुरक्षित नागरिक आवास कार्यक्रमको लाभग्राहिहरुको नाम संशोधन सम्बन्धमा ।

४. पेश्की उपलब्ध गराउने सम्बन्धमा ।

५. साझेदारी कार्यक्रमको प्रस्ताव अनुमोदन सम्बन्धमा ।

६. आर्थिक सहायता सम्बन्धमा ।

७. विविध ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक मिति:- २०७८/०१/१३ का निर्णयहरु**

**निर्णय न. १. गत बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा ।**

मिति २०७७।१२।२७ गतेको यस संरुमारानी गाउँपालिकाको ८१ औ कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा समिक्षा गर्दा यस गाउँपालिकाको मिति २०७७।१२।२७ गतेको कार्यपालिकाको बैठकबाट जनप्रतिनिधि र कर्मचारीहरुको लागी तालिम संचालन गर्ने निर्णय यथाशिघ्र कार्यान्वयन गर्ने बाहेक अन्य निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**निर्णय न.२. भुमि सम्बन्धि समस्या समाधान आयोगको कामको तयारी सम्बन्धमा ।**

भूमि सम्बन्धी समस्या समाधान आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अब्यबस्थित बसोबासीको ब्यबस्थापन गर्ने प्रयोजनको लागी प्रकाशित सूचना, परिपत्र ऐन नियम र कार्यविधि बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्बासी र अब्यबस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धि कार्यविधि २०७७ बमोजिमका कार्यहरुको बारेमा जानकारी भयो ।सो कार्यविधि अनुसार लगत संकलनको लागी निम्नानुसारका निर्णहरु गरियो ।

- प्रचार प्रसारको लागी सूचना प्रकाशन गर्ने ।
- भुमि सम्बन्धी समस्या समाधान आयोगको प्रकाशित सुचना बमोजिमको अवधि भित्र तथ्यांक संकलनको लागी तथ्यांक/लगत संकलनकर्ता/सामाजिक परिचालक तपशिल बमोजिम छनौट गरी निजहरुलाई दैनिक रु ८००/- का दरले पारिश्रमिक दिई काममा लगाउने र उक्त खर्च रकम कर्मचारीको पारिश्रमिक शिर्षकबाट भुक्तानि दिने

तपशिल

१. दघिराम खनाल- वडा न. ३
२. ज्ञानु प्रसाद खनाल वडा न. २
३. बोम बहादुर पुन मगर वडा न. ६
४. ईन्द्र मोहन अमात्य वडा न. २

- गाउँपालिका स्तरीय अभिमुखिकरण गोष्ठी गाउँकार्यपालिकाका सबै सदस्य, सहजीकरण समितिका सदस्य, वडा सचिव, लगत संकलन कर्ता समेतका जनप्रतिनिधि एवं

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
गाउँपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

कर्मचारीहरुलाई २०७८/१/१५ गते १०.०० बजे देखि गाउँपालिकाको सभाहलमा अभिमुखिकरण गर्ने र वडा स्तरीय अभिमुखिकरण वडाहरुले समय निर्धारण गरी वडा स्तरमा गर्ने। उक्त अभिमुखिकरणमा लागने ख़र्च कन्टेन्जेन्सी खर्च शिर्षकबाट व्यहोर्ने ।

- भूमि सम्बन्धी समस्या समाधानको कार्यमा कार्यालय समय भन्दा बिहान/साझको समयमा थप समय खटिने पर्ने भएकोले सो कार्यका लागी जनप्रतिनिधि र कर्मचारीहरुलाई सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७७ थप सुविधाको उपलब्ध गराउने ।
- बस्तीको तहगत क्षेत्र पहिचान निम्नानुसार तोक्ने

| सि.न | क्षेत्रहरु | बस्तीहरुको नाम | कैफियत |
|---|---|---|---|
| १ | ग्रामिण क्षेत्र | सि.न. २, ३ र ४ बाहेकका सम्पूर्ण बस्तीहरु | |
| २ | शहरउन्मुख क्षेत्र | वडा न. १ का सम्पूण बस्तीहरु, वडा न. २ को ददेरी र दर्भान क्षेत्र, वडा न. ३ को पालुथान, वडा न. ४ को बड्डाडा, बडा न. ५ को जस्पुर क्षेत्रहरु | |
| ३ | शहरी क्षेत्र | कुनै बस्ती नभएको । | |
| ४ | गाउँपालिकाको केन्द्र | वडा न. ४ को बड्डाडा बस्ती | |

**निर्णय न.३ सुरक्षित नागरिक आवास कार्यक्रमको लाभग्राहिहरुको नाम संशोधन सम्बन्धमा ।**

चालु आ.ब. २०७७/०७८ को लागी सघन शहरी तथा भवन निर्माण आयोजना दाङ्गको प्राविधिक सहयोग र संघिय सरकारबाट प्राप्त हुने अनुदान सहयोगमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत मिति २०७७/११/११ गतेको सुरक्षित नागरिक आवास समन्वय समिति प्यूठानको बैठकबाट यस गाउँपालिकाका लागी छनौट भएका २०० घरधुरी मध्ये कतिपयको नागरिकता अनुसार नाम नमिलेको, कतिपय विदेश गएको र कतिपय घरधुरीको पारिवारिक समस्याले जस्तापाता लगाउन समस्या भई वडा कार्यालयहरुबाट लाभग्राही घरधुरीको नाम सच्चाउन पर्ने भनी माग भएकोले तपशिल बमोजिम नाम संशोधन, परिमार्जन गर्नु पर्ने भएकोले सघन शहरी तथा भवन निर्माण आयोजना र कार्यक्रम कार्यान्वयन जिल्ला समन्वय समितिलाई संशोधन/परिमार्जनको लागी अनुरोध गर्ने निर्णय गरियो।

<u>तपशिल</u>

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका
गाउँपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

चिन्तामणि ...
प्रमुख प्रशासकीय अधिकृत
...नी गाउँपालिका
गाउँपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२
मान बहादुर ...
गाउँपालिका

| क.स | स्विकृत घरधुरीको नाम थर | संशोधन/परिमार्जन गर्नु पर्ने घरधुरीको नाम | वडा नं | कैफियत |
|---|---|---|---|---|
| १ | राज कुमार क्षत्री | खिम बहादुर क्षेत्री | २ | |
| २ | नविन गाहा मगर | धनसरी घर्तीमगर गाहा | २ | |
| ३ | टुक बहादुर सुनार | जुमिसरा थापा | २ | |
| ४ | झविन्द्र सुनार | झविन्द्रा जैसी | २ | |
| ५ | मतिराम शर्मा (पौडेल) | मोतिराम शर्मा पौडेल | ३ | |
| ६ | पान बहादुर फलाली | पान बहादुर थापा | ३ | |
| ७ | हेमन्ती बहादुर फेवाली मगर | हेमन्ती देवी फेवाली मगर | ३ | |
| ८ | मंगल सिं राउत | मंगले राउत | ३ | |
| ९ | भूमिसरा रखाल | भोवित्रा रखाल मगर | ३ | |
| १० | देउकी देवी घर्ती | देवकी देवी घर्ती | ३ | |
| ११ | आईती सार्की | तुक बहादुर सार्की | ४ | |
| १२ | मेध बहादुर घर्ती | मेग बहादुर घर्ती | ४ | |
| १३ | धनसरी गुरुङ्ग | रविन गुरुङ्ग | ४ | |
| १४ | सूर्य बहादुर थापा | सूर्य बहादुर गुरुङ्ग | ४ | |
| १५ | खड्क बहादुर थाडा | हुमा थाडा मगर | ४ | |
| १६ | विष्णा सिंजाली | विष्मा सिंजाली | ५ | |
| १७ | नामदेव राना मगर | नामदेउ राना मगर | ५ | |
| १८ | भोज बहादुर सिंजाली मगर | भोज बहादुर मर्साङ्गी मगर | ५ | |
| १९ | दमन्ती बराल सारु मगर | दमयन्ती बराल सारुमगर | ५ | |
| २० | हिरालाल कामी | मिना कामी | ५ | |
| २१ | राम बहादुर सुनार | गुमी सरा सुनार | ५ | |
| २२ | मेनि मर्साइ मगर | मेनीसरा मर्साई मगर | ५ | |
| २३ | लोक बहादुर बुढा मगर | तोयराम घर्तीमगर | ६ | |
| २४ | सिता देवी पुन | निम बहादुर पुन | ६ | |
| २५ | सागर पुन मगर | रिमादेवी पुन मगर | ६ | |
| २६ | दिल बहादुर ठेडी मगर | रिम बहादुर घर्ती मगर | ६ | |
| २७ | टेक बहादुर पुन | ओम बहादुर बुढा | ६ | |
| २८ | टुक बहादुर ठेडी मगर | चाखुरी सार्की | ६ | |
| २९ | झग बहादुर पुन मगर | सुगराम बाठा मगर | ६ | |

चिन्तामणि ... प्रमुख प्रशासकीय अधिकृत
...गाउँपालिका
गाउँपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२
मान बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३० | गुमान सिं विश्वकर्मा | हस्तविर नेपाली | ६ | |
| ३१ | हरी बहादुर घर्ति मगर | चन्दा घर्तीमगर | ६ | |
| ३२ | तिल बहादुर कामी | जिवलाल कामी | ६ | |
| ३३ | पुनी देवि पुन मगर | झग बहादुर कवर योगी | ६ | |
| ३४ | गेम बहादुर वाठा मगर | जिव बहादुर बाठामगर | ६ | |
| ३५ | कौशिला पुन मगर | कौशिला थापा मगर | ६ | |
| ३६ | निमा रोका मगर | तेज बहादुर रोका मगर | ६ | |
| ३७ | डुमा पुन मगर | सुगा पुन मगर | ६ | |
| ३८ | मेघ बहादुर पुन | रिता पुन मगर | ६ | |
| ३९ | भोट बहादुर घर्ति मगर | छविलाल दमाई | ६ | |
| ४० | राम बहादुर बुढा मगर | शोभा रोका मगर | ६ | |

**निर्णय न. ४ पेश्की उपलब्ध गराउने सम्बन्धमा**

यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संझौता भएका तपशिलका योजनाहरुको लागी नियमानुसार पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

१.कास्कोट मस्जिद निर्माण योजना वडा न. ३

२. ऐश्वर्य प्रा.वि वास सौचालय निर्माण योजना वडा न. ६

**निर्णय न. ५ साझेदारी कार्यक्रमको प्रस्ताव अनुमोदन सम्बन्धमा**

सरुमारानी गाँउपालिकाको "साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७" बमोजिम कृषि तथा तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी गाँउपालिका क्षेत्रमा रोजगारमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले यसै कार्यविधिको अधिनमा रही यस कार्यालयबाट मिति २०७७ चैत्र २ गते प्रकाशित सूचना अनुसार निर्धारित समय भित्र पेश हुन आएको हेफर प्रोजेक्ट नेपाल/ग्रामीण विकास समाज नेपाल सरुमारानी ३ हंशपुर संस्थाको प्राविधिक तथा आर्थिक प्रस्ताव मिति २०७८/०१/०५ गतेको खरिद तथा मुल्यांकन समितिले स्वीकृत गरी अनुमोदनको लागी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरेको हुँदा उक्त आर्थिक तथा प्राविधिक प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरी आशयको सूचना प्रकाशन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, प्युठान
नेपाल

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

निर्णय न. ६ आर्थिक सहायता सम्बन्धमा ।

यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| सि.न | विरामी व्यक्तिको नाम /अभिभावकको नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | एक बहादुर पाडे | वडा न. ५ | १५००० | विपद ब्यबस्थापन कोष |
| २ | चुनी घर्ती | वडा न. ५ | १५००० | विपद ब्यबस्थापन कोष |
| ३ | फर्सुराम राना | वडा न. १ | १०००० | विपद ब्यबस्थापन कोष |
| ४ | गिता मिश्र | वडा न. १ | ५००० | विपन्न असहाय सहायता |

निर्णय न. ७ विविध सम्बन्धमा ।

- लुम्बिनि प्रदेश सरकारको समपुरक अनुदान सहित गाउँपालिकाबाट संचालित वेरोजगार युवा लक्षित कृषि तथा पशुपालन प्रबर्द्धन कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक तथा समूह/फर्म/सहकारीको लागी आवेदन दिन सार्वजनिक सूचना प्रकाशन भएको र निवेदन साथ वडाको सिफारिस समेत आवश्यक पर्ने हुँदा उक्त सिफारिस वापत गाउँपालिकाको तर्फबाट कुनै पनि शुल्क नलिने निर्णय गरियो
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत काममा खटाईएका वेरोजगार श्रमिकहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा २७, युवा रोजगारीको लागी रुपान्तरण पहल आयोजना संचालन तथा ब्यबस्थापन कार्यविधि २०७६ को परिच्छेद १७ को दफा ४५ तथा कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यबस्थापन कार्यविधि २०७७ को दफा १८ बमोजिम नियमानुसार भुक्तानि दिने निर्णय गरियो ।
- ब्यक्तिगत घटनादर्तामा म्याद नाघि घटना दर्ता गर्न आएमा वा घटना दर्ताको प्रतिलिपि लिन चाहेमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण नियमावली २०७७ को अनुसूची ३ मा उल्लेखित शुल्क/दस्तुर लिने निर्णय गरियो ।

- मिति २०७७/१२/२७ गतेको कार्यपालिकाको बैठकको बमोजिम दर्भान खोला नदि नियन्त्रणको लागी रु २ लाख बजेट विनियोजन गरिएको र उक्त काम गर्नको लागी जेसिभि प्रयोग गर्नु पर्ने देखिएकोले जेसिभि प्रयोग गर्नको लागी अनुमति प्रदान गर्ने निर्णय गरियो ।
- आगामी कार्यपालिकाको बैठक देखि अनिवार्य रुपमा वडाको प्रगति विवरण सम्बन्धमा वडा अध्यक्ष मार्फत प्रतिवेदन पेश गर्न लगाई समिक्षा गर्ने र गाउँपालिकाको बजेट कार्यान्वयनको अवस्था बारे प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिबेदन पेश गरी छलफल गर्ने निर्णय गरियो ।
- यस गाउँपालिकाको आठौ गाउँसभाबाट साना किसान कृषि सहकारी संस्थाको पर्खाल र गेट निर्माणको लागी वडा न. १ मा रु दुईलाख थप बजेट विनियोजन भएको हुदाँ साना किसान कृषि सहकारी संस्था लि. को कम्पाउन्डवाल निर्माण उपभोक्ता समिति संग मिति २०७७/१०/१८ मा भएको संझौता रद्ध गरी गाउँपालिकाले छुट्टाएको रु तिन लाख पचास हजार बराबरको एकमुष्ट रकमको संझौता गरी काम अगाडि बढाउने निर्णय गरियो ।
- कास्कोट ईस्लामिक मदरसा वडा.३ लाई छपाईयुक्त कोठा निर्माणको लागी रु २००००/- उपलब्ध गराउने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वड न. ४ का जित बहादुर नेपालीले अविरल बर्षाको कारण घरमुनिबाट पहिरो गई भत्कने जोखिम भएको भनि तारजालि माग गर्नु भएकोले निजलाई चार थान जाली उपलब्ध गराउने निर्णय गरियो ।
- सरुमारानी गाउँपालिका वडा न. ५ स्थित भिमसेन मा.वि.को शौचालयको छाना हावाहुरीले उडाएको र पर्खाल समेत भक्तिएकोले उक्त शौचालय मर्मतको लागी विधालय मर्मत शिषर्कबाट रु २५०००/- उपलब्ध गराउने निर्णय गरियो ।

**उपरोक्त निर्णयहरु गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।**

प्रमाणिकरण मिति: २०७८/०१/१३

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भुग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष